पूर्वेली जनसञ्चार सहकारी संस्था लि. विराटनगरद्वारा प्रकाशित

www.hamromat.com www .facebook .com/hamromat2/www.facebook.com/hamromat1/

श्री गणपति ज्वेलरी
SHREE GANAPATI JEWELERY Biratnagar-4 ESTD .:2068
फोन नं. : ०२१-४६२५६५ ०२१-४६०६१९
विराटनगर-४, कञ्चनबारी ✱सुन ✱चाँदी ✱रत्न
हिजोको सुन चाँदीको दरभाउ प्रति तोला
११.६६४=१ तोला
यहाँ अर्डर बमोजिम सुन, चाँदीका गरगहना बनाउनुका साथै तयारी गरगहना पनि बिक्री गरिन्छ।
छापवाला सुन रू. १२०,००० ।००
तेजावी सुन रू. ११९,५०० ।००
चाँदी रू. १,४३५ ।००
श्री गणपति मनि ट्रान्सफर | हामीकहाँ सम्पूर्ण रेमिटान्सको सेवा पनि छ।

# हाम्रोमत


राष्ट्रिय दैनिक




वर्ष २०, अंक : २१९ | २०८० पुस २३ गते सोमबार | 2024 January 8 Monday | Hamromat National Daily | मूल्य रू. ५

राष्ट्रियसभा निर्वाचनको मनोनयन आज

## दलहरूले उम्मेदवार टुंगो लगाए


■ कृष्ण प्र. सिटौला (काँग्रेस)


■ चम्पादेवि कार्की (माओवादी)


■ परशुराम अधिकारी (एमाले)


■ रुक्मिणी कोइराला (एमाले)


■ उद्धब पौडेल (राप्रपा)

सत्तारुढ गठबन्धनले भागबण्डाको आधारमा उम्मेदवार तय गरेका छन् भने नेकपा एमाले र राप्रपाले छुट्टाछुट्टै उम्मेदवार दिने भएका छन्।

◆ हाम्रोमत संवाददाता

*विराटनगर, २२ पुस*

आगामी माघ ११ गते हुने राष्ट्रिय सभा निर्वाचनको लागि आज मंगलबार मनोनयन दर्ताको समय तोकिएकोले दलहरुले उम्मेदवार टुंगो लगाएका छन्। कोशी प्रदेशका २ सहित १९ सिटको लागि हुन लागेको निर्वाचनमा सत्तारुढ गठबन्धनले भागबण्डाको आधारमा उम्मेदवार तय गरेका छन् भने नेकपा एमाले र राप्रपाले छुट्टाछुट्टै उम्मेदवार दिने भएका छन्।

कोशी प्रदेशका २ सिटको लागि हुने निर्वाचनमा गठबन्धनबाट अन्यतर्फको कोटा नेपाली काँग्रेसले र महिलातर्फको कोटा नेकपा माओवादी केन्द्रले पाएको छ। जसअनुसार माओवादी केन्द्रले ओखलढुंगाकी नेतृ चम्पादेवि कार्कीलाई उम्मेदवार बनाउने निर्णय गरेको छ।

पार्टीकी केन्द्रीय सदस्य एवं ओखलढुंगा इञ्चार्ज रहेकी कार्की जनयुद्धको समयबाटै माओवादी आन्दोलनमा जोडिएकी नेतृ हुन्। आशा उपनामले जनयुद्धको समयमा चिनिने उनी जनयुद्धकी घाइते योद्धासमेत हुन्। कोशीकै अन्यतर्फको कोटामा गठबन्धनबाट नेपाली काँग्रेसले नेता कृष्णप्रसाद सिटौला उम्मेदवार बनाउने भएको छ।

▶ बाँकी ३ पेजमा

### राष्ट्रिसभामा कोशीको मतभार यस्तो

विराटनगर, २२ पुस (हाम्रोमत)- माघ ११ गते हुने राष्ट्रियसभा निर्वाचनको कोशी प्रदेशका दुई सिटमा सत्तारुढ गठबन्धन बलियो छ। अन्यतर्फ नेपाली काँग्रेसका रमेशजंग रायमाझी र महिलातर्फ नेकपा माओवादी केन्द्रकी बिना पोखरेलको पदावधि फागुन २१ गते सकिने भएकोले निर्वाचन हुन लागेको हो।

कोशीका २ सिट विगतमा जसले जितेको थियो, उसैले गठबन्धनबाट भाग पाएको छ। अन्यतर्फ काँग्रेसले झापाका कृष्णप्रसाद सिटौलालाई उम्मेदवार बनाउँदा माओवादी केन्द्रले पाएको महिला कोटामा ओखलढुंगाकी चम्पादेवि कार्की उम्मेदवार बन्ने भएकी छन्।

कोशीमा एमालेले अन्यतर्फ भोजपुरका परशुराम अधिकारी र महिलामा सुनसरीकी रुक्मिणी कोइरालालाई उम्मेदवार बनाएको छ। यस्तै राप्रपाले मोरङका उद्धब पौडेललाई उम्मेदवार बनाउने भएको छ।

राष्ट्रियसभाको लागि कोशीमा स्थानीय तहका २७४ र प्रदेशका ९३ सांसद गरी कूल ३६७ मतदाता रहेका छन्। निर्वाचनमा प्रदेशसभा सदस्यको मतभार ५३ र स्थानीय तहका प्रमुख तथा उपप्रमुखको मतभार १९ हुन्छ।

▶ बाँकी ३ पेजमा

## गैरकानुनी शुल्क उठाउँदै सरकारी विद्यालय


विद्यार्थीसँग विद्यालयले गैरकानुनीरुपमा परीक्षा शुल्क असुलेको बिल।

◆ हाम्रोमत संवाददाता

*विराटनगर, २२ चैत*

**शुल्क नतिरेको भन्दै १५० विद्यार्थीलाई परीक्षामा बस्न दिइएन**

**परीक्षाबाट बञ्चित गरेको पाइए कारबाही गर्ने महानगरको भनाइ**

सरकारले माध्यामिक तहसम्मको शिक्षा निःशुल्क गरेको भए पनि अंग्रेजी माध्यमबाट पढाउने नाममा मासिक शुल्क असुल्दै आएको विराटनगरको सरस्वती माध्यामिक विद्यालयले आइतबार परीक्षा शुल्क नतिरेको भन्दै १५० जनाभन्दा बढी विद्यार्थीलाई परीक्षामा बस्न नदिइ विद्यालयबाट निकालेको छ।

दुई दिन परीक्षा लेखिसकेका विद्यार्थीहरुलाई आइतबार परीक्षमा बस्नै नदिइ विद्यालयबाट बाहिर निकालिदिएको थियो।

विराटनगर-९ स्थित सरस्वती माध्यमिक विद्यालयले लिएको आन्तरिक परीक्षामा विद्यार्थीहरुसँग २०० रुपैयाँ परीक्षा शुल्क मागेको थियो। तर शुल्क बुझाउन नसकेका विद्यार्थीहरुलाई तेस्रो दिनको परीक्षा सुरु हुने बेलामा परीक्षा हलबाट बाहिर निकालिएको थियो।

▶ बाँकी ३ पेजमा

### कोशीको मुख्य न्यायाधिवक्तामा रुपेश कोइराला नियुक्त

विराटनगर, २२ पुस (हाम्रोमत)- प्रदेश प्रमुख पर्शुराम खापुङले कोशी प्रदेशको मुख्य न्यायाधिवक्तामा अधिवक्ता रुपेश कोइरालालाई नियुक्त गरेका छन्। मुख्यमन्त्री केदार कार्कीको सिफारिसमा प्रदेश प्रमुख खापुङले कोइरालालाई आइतबार मुख्य न्यायाधिवक्ता नियुक्त गरेका हुन्।

नव नियुक्त मुख्य न्यायाधिवक्ताको आइतबार नै शपथ भएको छ। उनलाई उच्च अदालत विराटनगरका मुख्य न्यायाधीश रमेशप्रसाद भण्डारीले पद तथा गोपनीयताको शपथ गराएका थिए।

कोइराला यस अघि २०७८ चैत्रमा आन्तरिक मामिला तथा कानुन मन्त्रालयको अवैतनिक कानुन विज्ञको रुपमा नियुक्त भएका थिए। तत्कालीन आन्तरिक मामिला तथा कानुन मन्त्री (वर्तमान मुख्यमन्त्री) केदार कार्कीले उनलाई अवैतनिक कानुन विज्ञको रुपमा नियुक्त गरेका थिए।

### दुर्घटनामा दुई जनाको मृत्यु

उर्लाबारी, २२ पुस (हाम्रोमत)- झापाको दुई छुट्टाछुट्टै स्थानमा भएको दुर्घटनामा दुई जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छटन्।

भद्रपुर नगरपालिका-४ स्थित झिलिमिली पुल नजिकै मोटरसाइकल आफैँ अनियन्त्रित भई दुर्घटना हुँदा एक जनाको र बिर्तामोड नगरपालिका-२ स्थित चारपाने चोकमा शनिबार राति बस र मोटरसाइकल एकापसमा ठोक्किँदा एक जनाको मृत्यु भएको हो। उक्त घटनाहरुमा तीन जना घाइते भए।

भद्रपुर-४ स्थित झिलिमिली पुलमा उत्तरबाट दक्षिणतर्फ जाँदै गरेको प्र१-०१-०१३प ९६०७ नम्बरको मोसाइकल अनियन्त्रित भई पुलको साइडको पिलरमा ठोक्किँदा मोटरसाइकल चालक कचनकवल-२ सुकुनाडिकीका ३१ वर्षीय धनपति पाठक र पछाडि सवार सोही स्थानका २८ वर्षीय लेखनाथ दाहाल घाइते भएका थिए। घाइते उनीहरुलाई उपचारका लागि ओम साई पाथीभरा अस्पताल भद्रपुर पठाइएकोमा त्यहाँ उपचार सम्भव नभएपछि बीएण्डसी हस्पिटल बिर्तामोड पठाएकामा उपचारको क्रममा दाहालको मृत्यु भएको हो। मोटरसाइकल चालक पाठकको सोही अस्पतालमा उपचार भइरहेको छ।

यसैगरी पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको प१-०१-००२ ख ०१४९ यात्रुवाहक बस र सोही दिशातर्फ जाँदै गरेको मे१प ७२४८ नम्बरको मोटरसाइकल एकापसमा ठोक्किँदा मोटरसाइकल चालक कनकाई नगरपालिका-८ का ४४ वर्षीय तोयनाथ उप्रेतीको मृत्यु भएको जिल्ला ट्राफिक कार्यालय झापाका प्रमुख प्रहरी निरीक्षक नवराज न्यौपानेले जानकारी दिए।

दुर्घटनाबाट गम्भीर घाइते भएका उप्रेतीलाई उपचारका लागि बिर्तामोडस्थित बिर्तासिटी हस्पिटल पुर्याउनसाथ चिकित्सकले मृत घोषणा गरेका थिए। तीनजना सवार मोटरसाइकलमा पछाडि बसेका कनकाई-५ का ५९ वर्षीय रविरत्न सिटौला र बाह्रदशी गाउँपालिका-७ का सागर माझी घाइते भएका छन्। उनीहरू दुवैको उपचार भइरहेको जनाइएको छ। वनभोज खाएर फर्किँदै गरेको उक्त बसका चालकलाई नियन्त्रणमा लिएर प्रहरीले अनुसन्धान अगाडि बढाएको जनाएको छ।

## विराटनगरको आन्तरिक आयमा सुधार

### महानगरलाई न्यूनतम आयको सीमा भेटाउन अझै हम्मे



◆ हाम्रोमत संवाददाता

*विराटनगर, २२ पुस*

कर संकलन अभियानका कारण विराटनगर महानगरपालिकाले आन्तरिक आम्दानीलाई बलियो बनाउने सफलता प्राप्त गरेको जनाएको छ। गएको आर्थिक वर्ष २०७९/८० मा महानगरपालिकाले कर संकलन बढाउन वडातहदेखि नै अभियान सञ्चालन गर्दा कर आम्दानी उल्लेख्य वृद्धि गर्न सफल भएको महानगरले जनाएको हो।

अभियान सञ्चालन गरेकै कारण वार्षिक ४९ करोड रुपैयाँ आन्तरिक आयमा उल्लेख्य वृद्धि भएको महानगरको दाबी छ। वार्षिक ४९ करोड हाराहारीमा आन्तरिक आम्दानी गरेको महानगरले गत वर्ष ६४ करोड ६ लाख रुपैयाँ आम्दानी गरेको थियो।

महानगरले चालु आर्थिक वर्षमा पनि कर संकलन अभियानलाई निरन्तरता दिने जनाएको छ। व्यवसाय दर्ता तथा नवीकरण गर्ने, करको दायरामा नआएका व्यवसाय र उद्यमलाई करको दायरामा ल्याउने आदि कार्यका लागि महानगरले यस वर्ष पनि निरन्तर अभियान सञ्चालन गरिरहेको महागनर प्रमुख नागेश कोइरालाका प्रेस संयोजक मिनकुमार श्रेष्ठले जानकारी दिए।

महानगरले चालु वर्षको बजेटमा आन्तरिक आम्दानी ६४ करोड रुपैयाँबाट वृद्धि गरेर ८७ करोड पुऱ्याउने लक्ष्य निर्धारण गरेको छ। गत आर्थिक वर्षमा आन्तरिक आय ८२ करोड पुऱ्याउने लक्ष्य लिएको महानगरले झण्डै ७० प्रतिशत लक्ष्य हासिल गरेको थियो। चालु वर्षको पहिलो ६ महिनामा (पुस १८ गतेसम्म)मा महानगरले २२ करोड ३० लाख रुपैयाँ आम्दानी गरेको छ। यो गत वर्षको यसै अवधिको आम्दानीको तुलनामा ११ लाख रुपैयाँ बढी हो। गत वर्ष यसै अवधिमा महानगरले २२ करोड १९ लाख रुपैयाँ आम्दानी गरेको थियो।

▶ बाँकी ४ पेजमा

## सुझाव बटुल्दै योजना आयोग

◆ हाम्रोमत संवाददाता

*विराटनगर, २२ पुस*

कोशी प्रदेश योजना आयोग विराटनगरले संखुवासभाका जनप्रतिनिधिसहित सरोकारवाला निकायसँग दोस्रो आवधिक योजनाको अवधारणापत्र तयारी सम्बन्धमा जिल्लास्तरीय सझाव संकलन गरेको छ।

सदरमुकाम खाँदबारीमा कोशी प्रदेश योजना आयोगले जिल्लास्थित स्थानीय तहका प्रमुख, उपप्रमुख, राजनैतिक दल र विभिन्न सरोकारवाला निकायसँगको अवधारणापत्र तयारी सम्बन्धमा जिल्लास्तरीय सझाव संकलन गरेको हो।

कोशी प्रदेश योजना आयोगका उपाध्यक्ष पुरञ्जन आचार्यले प्रदेश योजना आयोगको उल्लेख गरेको विभिन्न उद्देश्य प्रस्तुत गरेका थिए। माथिबाटै योजना बनाएर कार्यान्वयनका लागि तल पठाउने नभई स्थानीय तहका सुझावहरू समेटेर मात्रै योजना बनाउने कोशी प्रदेश योजना आयोगले उपाध्यक्षमा आचार्यले बताए। संघीयताको मर्म अनुसार योजना बनाउनकै लागि आफूहरू तलसम्म आएको उनको भनाइ छ।


कोशी प्रदेश योजना आयोगले उपाध्यक्ष आचार्यले समष्टिगत उद्देश्य, रणनीति, परिणात्मक लक्ष्य र कार्यान्वयनको अवस्थाको बारेमा जानकारी गराएका थिए।

▶ बाँकी ३ पेजमा

## सीआरभी भेनको दुरावस्था

◆ देवराज तामाङ

*विराटनगर, २२ पुस*




मन्त्री तथा नेताहरुले नयाँ सवारी साधन खरिद गरेर वर्षेनी राज्यको अरबौं खर्च गरिरहेको भन्दै आलोचना बढिरहेको बेला जनताको सुरक्षामा २४ सै घण्टा परिचालित हुने विराटनगरको सिआरभी भ्यानको दुरावस्ताप्रति भने कसैको ध्यान गएको छैन।

सुरक्षाजस्तो संवेदनशील कार्यमा प्रयोग गरिदै आएको सिआरभी भ्यान थोत्रा र जीर्ण भए पनि जसोतसो सञ्चालन गरिरहनु पर्ने बाध्यता प्रहरीलाई छ।

घटनास्थलमा छिटो भन्दा छिटो पुग्नु पर्ने बाध्यतामा खटिने प्रहरीका सवारी साध कतिबेला बिगेला र समयमा पुग्न नसकिएला भन्ने चिन्ताबोकेर प्रहरी कर्मचारीहरु सिआरभीमा खटिने गरेका छन्। विगतमा सवारी बिग्रएकै कारण समयमा घटनास्थलमा पुग्न नसकेको तीतो अनुभवका कारण पनि उनीहरु चिन्ताका साथ ड्युटीमा खटिन बाध्य भएका हुन्।

गत वर्ष इलाका प्रहरी कार्यालय उर्लाबारीले ८ जना थुनुवा लिएर विराटनगर आइरहेको थियो। थुनुवा बोकेको उक्त गाडी पथरीशनिश्चरेको जय चौकमा बिग्रियो।

अघिल्लो दिन मात्रै मर्मत गरी चलाएको गाडी बाटोमै बिग्रिएपछि थुनुवालाई समयमा अदालत पुऱ्याउन प्रहरीलाई हम्मे परेको थियो।

▶ बाँकी ४ पेजमा



हाम्रोमत
**सम्पादकीय**

# किसानलाई उत्प्रेरणा दिने अभियान

*मुलुक संघीयतामा गएपछि तीन तहका सरकार सञ्चालनमा छन् । संघीयताकै कारण आज तीन तहका सरकारले आफ्नो क्षमता र सापेक्षता अनुसार काम गर्न पाएका छन् । केन्द्रीकृत शासन प्रणालीमा काठमाडौंबाट गरिने काम स्थानीय आवश्यकता र माग अनुसार हुनसक्ने थिएन । तर, संघीयतामा स्थानीय आवश्यकता, माग र क्षमता अनुसार सबै क्षेत्रको विकासमा सरकारले ध्यान दिन पाएको छ । धेरै स्थानीय सरकारहरुले आफ्नो पालिकाको आवश्यकता, माग र संभावनालाई हेरेर उदाहरणीय कामहरु गरिरहेका छन् । मोरङको कटहरी गाउँपालिकाले तुलसी खेती प्रबर्द्धन गर्नेगरि सुरु गरेको अभियान पनि त्यस्तै उदाहरण हो । तुलसी खेती प्रबर्द्धन गर्न कटहरीले किसानहरुलाई आकर्षक अनुदान घोषणा गरी किसानहरुलाई तालिम दिन थालेको छ ।*

*किसानले घरआँगन र बारीमा उत्पादन गरेको तुलसी बिक्री गर्ने सुनिश्चिततासहित गाउँपालिकाले किसानलाई अनुदान दिने घोषणा गरेर खेती प्रबर्द्धनमा लागेको छ । बजार सुनिश्चिततासँगै गाउँपालिकाले अनुदानसमेत दिने भएपछि किसानहरु तुलसी खेतीतर्फ आकर्षित बनेका छन् । पालिकाभित्र तुलसी खेती गर्ने किसानलाई प्रतिक√ा ३ हजार अनुदान दिने योजना गाउँपालिकाको योजना छ । किसानले उत्पादन गरेको तुलसी प्रतिकेजी ११० रुपैयाँमा बिक्री गर्ने प्रबन्ध पनि गाउँपालिकाकै सहजीकरणमा भइसकेको छ । कटहरी ५ मा खुलेको श्री गुराँस हर्वास्यूटिकल्स प्रालिले तुलसी खरिद गर्नेछ । तुलसीको सम्पूर्ण भाग (सुकेको पात, डाँठ र जरासमेत) उद्योगले खरिद गर्नेगरि गाउँपालिकाले सम्झौता गरेको छ । उत्पादनमा अनुदान र बजारको सुनिश्चितता भएपछि किसानहरुले तुलसी खेतिमा जुटने अवस्था बनेको हो ।*

*व्यवसायिक रुपमा तुलसी खेती गरेर स्थानीय किसानलाई आत्मनिर्भर बनाउने गाउँपालिकाको योजना छ । त्यसको लागि कृषकहरुलाई तालिम दिन थालेको छ । व्यसायिक तुलसी खेती गरेर किसानको आयआर्जन बढाउने संभावना देखेरै योजनाबद्ध काम थालेको गाउँपालिकाले जनाएको छ । किसानले २ कठ्ठादेखि २ बिघासम्म जमिनमा तुलसी खेती लगाउने तयारी गरेका छन् । तुलसी खेती १२ महिना लगाउन सकिन्छ । यसको उत्पादन पनि राम्रो हुने कृषिविज्ञहरुले बताएका छन् । तुलसी खेति प्रबर्द्धनले नेपालका आयुर्वेदिक औषधि उद्योगहरुले भारतबाट आयात गर्ने गरेको कच्चा पदार्थको आयात पनि कम हुनेछ । जसले रोजगारीको सिर्जना, विदेशी मुद्राको बचतसहित धेरै सकारात्मक प्रतिफल दिनेछ । त्यसैले गाउँपालिकाको यो पहल सरकारामक छ । त्यसलाई सफल बनाउन सबैको भूमिका आवश्यक छ । कृषिप्रधान मुलुकका किसानलाई व्यवसायीक बनाउन यस्तै कार्यहरुमा स्थानीय सरकारले काम गर्न आवश्यक छ ।*

# खोटाङ सामाजिक सेवा मञ्चद्वारा सम्मान

**हाम्रोमत संवाददाता**
*विराटनगर, २२ पुस*

खोटाङ सामाजिक सेवा मञ्चले विभिन्न क्षेत्रमा योगदान पुर्‍याउने व्यक्तिहरुलाई सम्मान गरेको छ ।

१८ औं साधारणसभाका अवसरमा आज विराटनगरमा आयोजित कार्यक्रममा मञ्चका संस्थापक अध्यक्ष राजेश्वर निरौला, ज्येष्ठ नागरिक सावित्रा रेग्मी, मञ्चको भवन निर्माणका लागि प्राविधिक सहयोग उपलब्ध गराउने प्रदीप घिमिरेलगायतलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा विराटनगर महानगरपालिकाका मेयर नागेश कोइराला, समाजसेवी महेश रेग्मी, मञ्चका अध्यक्ष कृष्णप्रसाद भण्डारी मार्सेलीले दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गरेका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै मेयर कोइरालाले खोटाङमा जन्मिएर विराटनगरमा स्थायी बसोबास गर्ने व्यक्तिहरुलाई मञ्चले संगठित गरेकोमा खुसी व्यक्त गरे । मञ्चले साहित्यिक र सामाजिक कार्य गर्दै आएको भन्दै उनले मञ्चलाई महानगरका तर्फबाट सहयोग गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे । विराटनगरलाई सफा, सुन्दर, उज्यालो, व्यवस्थित र विकसित महानगरपालिका बनाउन सहयोग गर्नसमेत उनले आग्रह गरे । सो अवसरमा मञ्चका महासचिव नारायण पोखरेल, सचिव स्वर्णकान्त दाहाल, सम्मानित व्यक्तिहरुका तर्फबाट राजेश्वर निरौलालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा कवि एवं पत्रकार मीनकुमार नवोदित, भरत गुरागाईं बर्बरिक, रोहिणी रसिक, लक्ष्मी पोखरेल, अम्विका खरेल उप्रेती, लक्ष्मी रायमाझीलगायतले कवितासमेत वाचन गरेका थिए ।

२०५४ सालमा स्थापित मञ्चले विराटनगरमा १ कठ्ठा २ धुर जमिनमा साढे दुई तले आफ्नै भवन निर्माणाधीन रहेको छ । पहिलो तला निर्माण सम्पन्न भई दोस्रो र तेस्रो तला निर्माण कार्य जारिरहेको बताइएको छ ।

# कर प्रणालीमा समयसापेक्ष सुधार जरुरी


राजेन्द्र राउत




विश्वनै आर्थिक मन्दीको चपेटामा परेको अवस्थामा नेपाल पनि अछुतो छैन । आर्थिक गतिविधि नगन्य रुपमा भइरहेको हामीले महशुस गरिरहेका छौं । विगतमा भएका आन्दोलन, भूकम्प, कोभिड, रुस र युक्रेनको युद्ध, बैंक ब्याजदर, राजनैतिक अस्थिरतालगायत थुप्रै कारण नेपालले आर्थिक विकास गर्न नसकिरहेको मेरो बुझाइ छ। यस्तो स्थितिमा पनि व्यवसायीहरुले जेहनतेन कारोबार गर्दै सरकारलाई राजश्व तिर्दै आएका छन्। अहिलेको अवस्थामा औद्योगिक उत्पादन ६० प्रतिशतमा झरेको छ भने आयातमुखी कारोबार झन् झन् बढेको तर त्यसको दाँजोमा निर्यात शून्य सरह छ।

**कर सम्बन्धमा :**

भूकम्प, कोभिड, आयातमा लगाइएको प्रतिबन्धलगायतका कारण आर्थिक कारोबार खुम्चिएको र अनौपचारिक कारोबार बढिरहेकोले सरकारको राजश्व वृद्धि हुन कठिनाइ भएकोले यसमा कडाइ गरिनु पर्ने देखिन्छ। आन्तरिक राजश्व कार्यालयलाई करको लक्ष्य दिएर काम गर्दा लक्ष्य पूरा गर्ने नाममा करदातालाई अनावश्यक भार आउने गरेकोले यसमा सुधार गरिनु पर्छ। कारोवारको नियमन गर्ने निकायहरु धेरै नै भएको अवस्थामा अहिले आएर महालेखा परिक्षकसमेत थपिएको र व्यवसायीहरुले उनीहरुलाई पनि मनाउनु पर्ने अवस्था आएको छ।

मू.अ.कर लागू भइसकेको सन्दर्भमा हरेक वर्ष राजश्व संकलन गर्ने नाममा स्वदेशका धेरै उत्पादनहरुमा अन्तःशुल्क लगाइदिंदा आयातित वस्तुमा प्रतिस्पर्धा हुन सकिरहेको छैन। मदिरा र चुरोट बाहेक अन्य वस्तुमा लगाइएको अन्तःशुल्क खारेज गरिनु पर्छ। राजश्व सम्बन्धी विवाद निवारण गर्न आवश्यक व्यवस्था मिलाउनु पर्छ। घरेलु तथा साना व्यवसायीहरुको विकास हुनेगरी कर नीति ल्याइनु पर्छ। आन्तरिक राजश्व कार्यालयबाट पटक पटक एउटै करदातालाई फूल अडिटमा पार्ने गरेकोमा सुधार हुनु पर्छ। विवाह लगायतका सामाजिक कार्य विदेश बाहिर हुँदा लगाइने गरगहनाहरुको स्वघोषणा गरी फर्किदा सहजै ल्याउने पाउने व्यवस्था हुनु पर्छ।

प्रशासकीय पुनरावलोकन र राजश्व न्यायधिकरणमा चित्त नबुझी धरौटी राख्नु पर्ने हालको ५० प्रतिशतलाई घटाइ १० प्रतिशत गरिनुपर्छ। आयकर विवरणमा कर फस्यौंट गर्दा कतिपय कुराहरु कर अधिकृतले अमान्य गरिरहेको देखिन्छ यसमा कर अधिकृतले कारण सहित प्रमाण दिनु पर्ने अन्यथा करदाताले पेश गरेको विवरणलाई मान्यता दिनु पर्छ। ठूला करदाता कार्यालयको क्षेत्राधिकारभित्र पर्ने काठमाण्डौ बाहिरका प्रदेशको राजधानीमा उद्योगीहरुले राजश्व न्यायाधिकरणको मुद्दाका लागि राजश्व न्यायाधिकरणको कार्यालय काठमाण्डौमै पुग्नुपर्ने अवस्था अव्यवहारिक भएकाले यसको कार्यालयको स्थापना प्रदेश स्तरमा गर्नु पर्दछ।

जीवनशैलीमा भएको परिवर्तन आदिको सन्दर्भमा व्यक्तिगत र पारिवारिक आयको छुट सीमालाई वृद्धि गरी क्रमशः एकल व्यक्तिको ८ लाख तथा दम्पतिको हकमा १० लाख सम्मको आयमा आयकर छुट गरी समयानुकुल परिमार्जन गरिनुपर्दछ।

**आयकर ऐनमा सुधार जरुरी**

संशोधित आय विवरण पेश गर्ने सुविधा सम्बन्धमा : आयकर ऐन, २०५८ बमोजिम करदाताले म्यादभित्र वुझाएको आय विवरणमा कुनै त्रुटी फेला परेमा पेश गरेको मितिले तीस दिनभित्र कर कार्यालयमा निवेदन दिई सो विवरण सच्याउन सकिने व्यवस्था रहेको छ। आय विवरण पेश हुँदा विभिन्न किसिमको त्रुटी हुन जाने र तीस दिनभित्रको म्याद पर्याप्त नभएकोले आय विवरण पेश भएको मितिले १ वर्षभित्र वा विभागले अनुसन्धानका लागि निजको फाइल खोलेको मिति मध्ये जुन पहिले हुन्छ सो मितिभित्र विभागले तोकेको प्रक्रिया बमोजिम आय विवरण संसोधन गर्न सक्नेकानुन हुनुपर्ने आवश्यकता छ।

आयकर ऐन, २०५८ को दफा २०(१)(क), व्यवसाय वा लगानीबाट नोक्सानी : कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आयको गणना गर्दा सो व्यक्तिले अन्य कुनै व्यवसायबाट व्यहोर्नु परेको सो वर्षको कट्टी हुन नपाएको नोक्सानी कट्टा गर्नसक्ने व्यवस्था भए पनि कर आधिकारीहरुले अलग अलग करकोदर भएकोकारण देखाइ नोक्सानी कट्टा गर्न दिएको छैन। आन्तरिक राजस्व विभागले उचित सुचना वा परिपत्र जारी गरी अलग अलग करको दर लाग्ने व्यवसायहरुको हकमा करको दरकै आधारमा नोक्सानी कट्टा गर्नसक्ने व्यवस्था गर्न सकिने जस्तै २५५ कर लाग्ने व्यवसायका नाफामा २०५ कर लाग्ने व्यवसायको नोक्सानी कट्टा गर्दा, २०५ का हिसाबले आउने नोक्सानी मात्र कट्टा गर्न दिन सकिनेछ।

असुलउपर हुन नसक्ने आसामी अपलेखनको दावी सम्बन्धमा : आयकर ऐनको दफा २५ को उपदफा २ (ख) अनुसार खण्ड (क) मा उल्लिखित अवस्थामा बाहेक अन्य अवस्थामा भुक्तानी प्राप्त गर्न सो व्यक्तिले सबै उपयुक्त उपायहरू अपनाएपछि असुलउपर हुन नसक्ने कुरामा मनासिव रुपमा विश्वस्त भएमा शब्द उल्लेख गरिएको छ। तर उक्त सबै उपायहरु के के हून् भन्ने ऐनमा उल्लेख नभएका कारणले यस्ता खर्चको दाबी गर्न करदाता असक्षम रहेको पाइन्छ। तसर्थ ऐनमा नै उक्त उपयूक्त उपायहरु जस्तै अदालतले निर्णय गरेको वा कर्जा सूचना केन्द्रले कालोसूचिमा राखेका वा दाबी गरिएको आसामी वित्तिय विवरणमा व्यवस्था वा अपलेखन गरेका हुनुपर्ने व्यवस्था उल्लेख गरिएमा ऐन कार्यान्वयनमा सहजता हुनुका साथै करदाताको वास्तविक समस्या समाधान गर्न थप सहज हुने देखिन्छ। बाँकी रकम असुल उपर नहुन सकेमा तथा बैंकको कर्जा भएमा सबै प्रक्रिया अपनाएता पनि कर कार्यालयले उक्त बाँकी रकमको ब्याज जोडी सोको मुनाफा कायम गर्ने गरेकोमा यस प्रक्रियालाई हटाउनु पर्ने व्यवस्था गरियोस्।

आयकर ऐन, २०५८ को दफा ५१, औषधि उपचारवापत कर मिलान सम्बन्धमा : कुनै प्राकृतिक बासिन्दा व्यक्तिले निजको लागि आफैं वा अन्य कुनै व्यक्ति मार्फत गरेको स्वीकृत औषधि उपचार खर्चको लागि कुनै आय वर्षमा औषधि उपचार बापत कर मिलान गर्न दाबी गर्न सक्नेछ। कुनै आय वर्षमा प्राकृतिक व्यक्तिबाट दाबी गरिएको औषधि उपचारवापत कर मिलान रकम तोकिएको सीमा रु ७५० भन्दा बढी हुने छैन जुन हाल को परिस्तिथिमा न्यून रकम छ।

आयकर ऐन, २०५८ को दफा ५७, नियन्त्रणमा परिवर्तन सम्बन्धमा : शेयरधनी मृत्यु पछिको हस्तान्तरण, तीन पुस्ताभित्रको परिवारमा (कारोवार नभई) बकस स्वरुप हस्तान्तरण, सञ्चालन गर्ने गरी रुग्ण उद्योगको स्वामित्व लिदाँ बैंक वित्तीय संस्थाले लिलमी गरी खरिद गरेको उद्योग व्यवसायको हकमा रणनीतिक योजना अनुसार मतदान अधिकारमा परिवर्तन नहुने गरी भएको शेयर संरचना परिवर्तनमा दफा ५७ लागु नहुने र पुरानो नोक्सानी पनि दाबी गर्न खुला गरे यस्ता स्वामित्व परीवर्तनलाई अझ प्रोत्साहान भई आर्थिक क्रियाकलाप बढ्ने देखिन्छ।

दीर्घकालीन लगानीमा मूल्य वृद्धि दरको समायोजन : धितोपत्र बजारमा सूचीकरण भएको निकायमा रहेको छोटो तथा लामो अवधिको लगानीलाई आयकर कानुनले एकै किसिमले कर निर्धारण गर्न व्यवस्था रहेको छ। शेयर बजारको विकासको निमित्त सट्टेबाज तथा दिर्घकालीन शेयर लगानी कर्ताबिच फरक हुनु अपरिहार्य रहेको छ। तसर्थ तीन वर्षभन्दा बढी शेयर धारण गरेको लगानीकर्तालाई दीर्घकालीन शेयर लगानीकर्ताको रुपमा परिभासित गरी खरिद मूल्यमा सम्बन्धित वर्षहरुमा उक्त वर्षहरुको नेपाल राष्ट्र बैंकबाट तोकिएको मूल्य वृद्धि दरको समायोजन गर्ने व्यवस्था पछि लाभ गणना गर्ने नीतिको व्यवस्था गरिएमा शेयर बजारको विकासमा सहयोग पुग्ने देखिन्छ।

त्यस्तै घर जग्गा खरिदको कारोबारमा दीर्घकालीन लाभ गणना गर्दा खरिद मूल्यमा मूल्य वृद्धि दरको समायोजनसमेत गर्ने व्यवस्था गर्दा वास्तविक लाभमा मात्र कर तिनुपर्ने हुन गई उक्त विधि न्यायोचित हुने देखिन्छ। जग्गाको पुँजीगत लाभ निकाल्दा लागत गणना गर्दाखेरी मुद्रास्फिर्ती वा मूल्य सूचकलाईसमेत आधार लिने व्यवस्था गरियोस्।

व्यवसायिक सामाजिक उत्तरदायित्व (सिएसआर) सम्बन्धमा : औद्योगिक व्यवसाय ऐन २०७६ को दफा ५४ को उपदफा (१) उल्लेख भए बमोजिम मझौला, ठूला उद्योग वा वार्षिक १५ करोड भन्दा बढी कारोबार हुने घरेलु वा साना उद्योगले व्यवसायिक सामाजिक जिम्मेवारी वहन गर्ने प्रयोजनाका लागि प्रत्येक आर्थिक वर्षमा वार्षिक खुद मुनाफाको कम्तीमा एक प्रतिशत रकम छुट्टयाउनु पर्ने व्यवस्था अनुसार जुन आर्थिक वर्षमा रकम छुट्टायाई व्यवस्था गरेकोमा उक्त रकम आयकर ऐन अनुसार सोही आ.ब.मा खर्चमा मिन्हा नहुने तर अगामी आ.ब.मा उक्त व्यवस्था भएको रकमबाट सामाजिक कल्याण कार्यमा रकम खर्च हुँदा कानुनको अस्पष्टता र आन्तरिक राजश्व विभागले पनि हालसम्म उचित सूचना तथा परिपत्र जारी नगर्दा कर अधिकारीहरुले उक्त खर्च रकम मिनाहा नदिएको कारणले उद्योगीहरु दोहरो मार्कामा परेकोले सो बारे आन्तरिक राजश्व विभागबाट कानुनी अस्पष्टतालाई हटाई खर्च भएको रकम मिनाहा दिन आन्तरिक राजश्व विभागको मातहतमा रहेको सम्पूर्ण कर कार्यालयहरुलाई सूचना वा परिपत्र जारी गरी समयमा जानकारी गराउन पर्ने हाम्रो माग रहेको छ।

**कर लेखापरीक्षणलाई व्यवस्थित बनाउन आवश्यक**

हालको आयकर ऐनमा कर लेखापरीक्षण सम्बन्धी स्पष्ट व्यवस्थाहरु रहेको पाइदैन। कानुनमा लेखापरीक्षकको योग्यता, जिम्मेवारी, लेखा परीक्षणको कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदनमा खुलाउनुपर्ने तथ्यहरु, प्रतिवेदनको ढाँचा लगायतका विषयहरु स्पष्ट रुपमा खुलाइ कानुनलाई व्यवहारिक बनाउनु पर्ने देखिन्छ।

बढि तिरेको आयकर फिर्ता लिन एकदमै झन्झटिलो र लगभग असम्भव नै रहेको अवस्था छ। यसलाई सहजीकरण गर्नको लागि कर फिर्ता गर्ने अधिकार र बजेट अर्थ मन्त्रालयलाई मात्र नभई आन्तरिक राजस्व विभागलाई समेत दिनुपर्दछ।

भ्याट बिवरण दाखिला गर्दाको बखत एक लाख भन्दा बढिको बिबरण समेत पेस गर्नुपर्ने व्यवस्था रहेको छ। उक्त एक लाख रुपैयाँको सीमालाई अझ बढाएर परिमार्जन गर्नुपर्ने देखिन्छ। मु.अ.कर विवरणमा केही गल्ती भएमा सच्याउने व्यवस्था हुन आवश्यक छ।

विगतमा कोभिडको कारणले धेरै उद्योगीले मु.अ.कर फिर्ता माग गर्न छुटेको हुनाले हाल आएर मु.अ.कर फिर्ता माग गर्दा ३ वर्ष भन्दा पुरानो फिर्ता नदिने नीतिको कारणले मु.अ.कर फिर्ता हुन सकेको छैन। उक्त अवधी खारेज गरी मु.अ.कर फिर्ता दिने व्यवस्था मिलाउनु पर्ने।

एउटा उद्योगले उत्पादन प्रक्रियामा बाइप्रोडक्टका रुपमा रहेको तर अर्को उद्योगको कच्चा पदार्थकोरुपमा प्रयोग गर्न मिल्ने वस्तुहरुलाई कबाडी वस्तु मानी स्थानीय निकायहरुले कर लगाउदै आएका छन्। कवाडीको तथ्यपरक र व्यवहारिक स्पष्ट रुपमा परिभाषा गरिसंघीय सरकारबाटै सबै पालिकामा एकै प्रकारको व्यवस्था मिलाइनु पर्दछ।

**मू.अ.करसँग सम्बन्धित सुझाव :**

फिर्ता पाउनुपर्ने मु.अ.करलाई अन्य करमा मिलान गर्न पाउनुपर्ने : करदाताले मूल्य अभिवृद्धि करवापत फिर्ता पाउनु पर्ने रकमलाई अग्रीम आयकर, अन्तशुल्क तथा अन्य करसँग मिलान गर्ने सुविधा हुनु अनिवार्य छ।

नन् फिल्टरको व्यवस्था सम्बन्धमा : खरीदकर्ताले नन फाइलर सम्बन्धी (स्टाटस) हरेक महिना परिवर्तन हुन सक्ने र अर्को ब्यक्तिले गरेको गल्तीको सजायस्वरुप अरुलाई मू.अ.कर फिर्ता गर्न नदिनु भनेको अर्काले गरेको गल्तीको सजाय अन्य व्यक्तिलाई दिनु हो। तसर्थ खरिदकर्ताले पेश गरेको प्रमाणको आभारमा मु.अ.कर फिर्ता तथा कर कट्टी गर्न पाउनु पर्छ।

**अन्तःशुल्कसँग सम्बन्धित :**

आ.व. ०५३/५४ मा भ्याट लागू हुँदा मुलुकमा क्रमशः अन्तःशुल्कसहित अन्य करहरु हटाउँदै लैजाने प्रतिबद्धता सरकारबाट आएको थियो तर सो प्रतिबद्धता विपरीत आज थप धेरै सामानहरुमा अन्तःशुल्क लगाइएकोले त्यस्तो गर्नु अनुचित छ।



## केहि महत्वपूर्ण टेलिफोन नम्बरहरू

### एमबुलेन्स सेवा

| | |
|---|---|
| मोरङ सहकारी अस्पताल | ५२३२३०, ९८४२२८२७७७ |
| जिसस मोरङ | ५३६३५३ |
| निर्माण व्य. संघ | ५२३८३६, ५३०५७२ |
| नेरेसो रंगेली | ५८००४८ |
| चेतनशील मित्र परिषद् | ९८४२२६६२३१ |
| नेपाल दुरसंचार सं.क. संघ | ५३३३३३ |
| पूर्वाञ्चल नर्सिङ होम | ५२३१५५ |
| अवधनारायण नर्सिङ होम | ५२२८११ |
| विराट नर्सिङ होम | ५२७०७१ |
| पथरी नर्सिङ होम | ५५५३४३ |
| लायन्स क्लव सेन्ट्रल | ५३७००१ |
| जीवन वि. स. कर्सिया | ५६५०८८ |
| शनिश्चरे एम्वुलेन्स सेवा | ५५५१४४ |
| न्युरो हस्पिटल प्रा.लि. | ४१७४७५, ४१६०२४ |
| पोखरिया बचत एम्बुलेन्स | ९८४२२७७६६६ |
| लाइफ गार्ड एम्बुलेन्स सेवा | ९७४२०४२३३३ |
| ग्रामीण महिला जागरण | ५३१०६५ |
| च्यारेटी ट्रष्ट धरान | ०२५-५२१६०० |

### दमकल

| | |
|---|---|
| विराटनगर बारूणयन्त्र | ४२०००० |
| इटहरी बारूणयन्त्र | ५८०१०१ |
| धरान बारूणयन्त्र | ५२०१९९ |
| इनरूवा बारूणयन्त्र | ५६०१०१ |
| दमक बारूणयन्त्र | ०२३-५८०१०१ |
| भद्रपुर बारूणयन्त्र | ०२३-५२०१०१ |

### अस्पताल

| | |
|---|---|
| कोशी अं. अ. इमरजेन्सी | ५२४२३४ |
| अवधनारायण नर्सिङ होम | ५२२८११ |
| विराट नर्सिङ होम | ५२२१४४ |
| विराट मेडिकल कलेज | ४२१०६३, ४२११८२ |
| ब्लड बैंक | ५२३३२६ |
| आँखा अस्पताल | ५२३७०६ |
| मोरङ सहकारी अस्पताल | ५२३२३० |
| सप्तकोशी नर्सिङ होम | ५२७९५४ |
| न्युरो हस्पिटल प्रा.लि | ४१७४८४, ४१६२६७ |
| नौलखा डेन्टल केयर | ५२१०८२ |
| नेपाल क्षयरोग निवारण संस्था | ५२२८२७ |
| लाइफ गार्ड हस्पिटल | ९७४२०४२३३३ |

### प्रहरी

| | |
|---|---|
| पूर्वाञ्चल क्षे.प्र.का. | ४३५००१ |
| जिल्ला प्रहरी | ५३०३५८, ५२३९०१, १०० |
| जिल्ला ट्रा.प्र.का. | ५३५३९९, १९९, ५३५५९९ |
| नगर प्र.का., विराटनगर | ५२१८५०, ५३०३६७, ११० |
| इ.प्र.का.,रानी | ४३५३६४, १०८ |
| सिआरभी (CRV) | १०९ |
| इप्र.का.,रंगेली | ९८५२०९०१४४ |
| इ.प्र.का., उर्लावारी | ५४०००२ |
| सिमा प्रहरी चौकी रानी | ४३५८४० |

### होटल

| | |
|---|---|
| होटल स्वागतम | ४७२४५० |
| होटल इष्टर्न स्टार | ४७१६२६ |
| होटल संगम पार्टी प्यालेस | ५३०४०३ |
| एबी होटल | ०२१-५११७७२ |
| होटल नमस्कार | ५२११९९ |
| होटल प्यासिफिक | ४७१०३६ |
| होटल मुन | ९८०२७२७७७७ |
| सगरमाथा पार्टी प्यालेस | ४७१४९३ |
| दिव्यरत्न होटल | ९८५२०३३२९६ |
| होटल पाथिभरा इन | ९८०२७६९१५२ |
| होटल श्रीकृष्ण | ०२१-५९०४६७ |

## पहिलो पृष्ठबाट बाँकी

### दलहरूले...

पूर्वमन्त्री रहिसकेका सिटौला झापा ३ बाट गत प्रतिनिधिसभा निर्वाचनमा पराजित भएका थिए।

यसअघि राष्ट्रपतिको पनि आकांक्षी रहेका सिटौलाले राष्ट्रपति रामचन्द्र पौडेल भएपछि राष्ट्रियसभामा जान लागेका हुन्। चुनाब हारेकालाई लैजान नहुने मत काँग्रेसभित्र भएपनि काँग्रेसको गत महाधिवेशनदेखि सभापति देउवालाई सहयोग गर्दै आएका सिटौलालाई कसैले रोक्न सकेन। नेपालको शान्ति प्रक्रियामा महत्वपूर्ण योगदान गरेका सिटौला पूर्वगृहमन्त्री पनि हुन्। उनले २०७२ को संविधान निर्माणमा पनि नेतृत्वदायी भूमिका खेलेका थिए।

कोशीबाट नेकपा एमालेले अन्यमा भोजपुरका परशुराम अधिकारी र महिलामा सुनसरीकी रुक्मिणी कोइरालालाई उम्मेदवार बनाउने भएको छ। अधिकारी एमालेको केन्द्रीय सदस्य एवं जिल्ला सह-इञ्चार्ज छन् भने कोइराला सुनसरीको इटहरी निवासी महिला नेतृ हुन्। उनले गत स्थानीय तहको निर्वाचनमा इटहरी उपमहानगरपालिकाको उपमेयरको दावी गरेपनि टिकट पाएकी थिइनन्।

कोशीबाट राष्ट्रिय प्रजातन्त्र पार्टीले पार्टीका उपाध्यक्ष रहेका उद्धब पौडेललाई उम्मेदवार बनाउने भएको छ। चलचित्रकर्मीसमेत रहेका पौडेल विराटनगरका मतदाता भएपनि उनी पछिल्लो समय काठमाडौंमै बस्दै आएका छन्। उनी राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेका ससुरा हुन्।

यसअघि राष्ट्रियसभा निर्वाचनमा एमाले र राप्रपाले पनि सत्तारुढ गठबन्धनसँग भाग खोजेका थिए। आफूहरुलाई समेटेर लैजान दुई दलले आग्रह गरेको भएपनि गठबन्धनभित्रै सहमति नजुट्दा गठबन्धनले एमाले र राप्रपाबाहेक भागबण्डा गरेको हो। सत्ता गठबन्धनका दलहरुले १९ सिटमध्ये काँग्रेसले १०, माओवादी केन्द्रले ६, एकीकृत समाजवादीले २ र जसपाले १ सिट पाउने सहमति गरेका थिए। राष्ट्रिय सभामा बागमतीबाट सबैभन्दा बढी ४, गण्डकी, कर्णाली र सुदूरपश्चिमबाट ३-३ तथा कोशी, मधेश र लुम्बिनीबाट २-२ गरी १९ सीटका लागि निर्वाचन हुँदैछ। फागुन २१ गते पदावधि सकिने नेकपा एमालेका ८, नेपाली काँग्रेसका ४, माओवादी केन्द्रका ३, एकीकृत समाजवादीका २, जसपाका १ र स्वतन्त्र १ सिटमा निर्वाचन हुन लागेको हो। दलहरुबीच भएको भागबण्डा अनुसार कोशीका २ सिटमध्ये कांग्रेसले अन्य र माओवादीले महिला लिने सहमति छ। कांग्रेसले पाएका १० सीटमा बागमती, गण्डकी र सुदूरपश्चिममा २-२ तथा कोशीसहित मधेश, लुम्बिनी र कर्णालीमा १-१ सीट छ।

यस्तै माओवादीले कोशी, बागमती, गण्डकी, लुम्बिनी, कर्णालीमा र सुदूरपश्चिममा १-१ गरी ६ सीट पाएको छ। एकीकृत समाजवादीले बागमती र कर्णालीमा १-१ सीट पाउनेछ भने जसपाले मधेसमा १ सीट पाएको छ। सहमतिअनुसार मधेसमा कांग्रेसले अन्य र जसपाले महिला गरेर १-१ सिट लिनेछन्। लुम्बिनीमा कांग्रेसले महिला र माओवादीले अन्य १-१ र सुदूरपश्चिमा कांग्रेसले अन्य, अपांगता भएका र पछाडि पारिएकाबाट १ र माओवादी महिला गरी १-१ सिट लिने सहमति भएको छ।

माओवादीले कोशीमा कार्की, वाग्मतीमा श्रीकृष्णप्रसाद अधिकारी, गण्डकीमा मनरूपा शर्मा सुवेदी, लुम्बिनीमा झक्कुप्रसाद सुवेदी, कर्णालीमा विष्णु विक र सुदूरपश्चिममा रेणु चन्दलाई उम्मेदवार बनाउने निर्णय भएको छ। एमालेले कोशीमा रुक्मिणी कोइराला पर्शुराम अधिकारीसहित मधेशमा महिलाबाट उषादेवी थरुनी (पर्सा), अन्यबाट डा.अर्जुनकुमार सिंह राजपुत (महोत्तरी)लाई उम्मेदवार बनाउने निर्णय गरेको छ।

त्यस्तै, बागमतीमा महिलाबाट रोचकुमारी चौलागाईं (दोलखा), अन्यबाट त्रिलोचन निर्मल पौडेल (चितवन), अपाङ्गता-अल्पसंख्यकबाट विवेक देवकोटा (काठमाडौं) र दलितबाट ध्रुवराज विश्वकर्मा (धादिङ)लाई उम्मेदवार बनाएको छ। त्यस्तै, गण्डकीमा महिलाबाट सम्झना देवकोटा (गोरखा), अन्यबाट चक्रबहादुर पराजुली (स्याङ्जा), अपाङ्गता-अल्पसंख्यकबाट हेमन्द्र शेरचन (मुस्ताङ) तथा लुम्बिनीमा महिलाबाट तुलसाकुमारी केसी (दाङ) र अन्यबाट झपेन्द्रबहादुर घर्ती क्षेत्री (पाल्पा)लाई उम्मेदवार बनाएको छ।

कर्णालीमा महिलातर्फ विमलाकुमारी शाही (हुम्ला), अन्यतर्फ डिल्लीप्रसाद भट्ट (मुगु), दलिततर्फ हिक्मत विक (दैलेख) र सुदूरपश्चिममा महिलातर्फ सावित्रादेवी घिमिरे (कैलाली), अन्यतर्फ ईश्वरीप्रसाद खरेल (कञ्चनपुर) र अपाङ्गता-अल्पसंख्यकबाट रामचन्द्र जोशी (कैलाली)लाई उम्मेदवार बनाएको छ। जनता समाजवादी पार्टीले पाएको मधेको १ सिटमा रौतहटकी पुजा चौधरीलाई उम्मेदवार बनाएको छ। चैधरी गत प्रदेशसभा निर्वाचनमा उम्मेदवार भएकी थिइन्।

यस्तै राप्रपाले ९ जना उम्मेदवार टुंगो लगाएको प्रवक्ता मोहन श्रेष्ठले जानकारी दिएका छन्। कोशीमा उद्धब पौडेलसहित राप्रपाले बागमती प्रदेशमा हेमजंग गुरुङ, नानु नगरकोटी, भरतमणि भट्ट र पूर्णबहादुर विश्वकर्मालाई उम्मेदवार बनाउने निर्णय गरेको छ। यस्तै गण्डकीमा गौमाया श्रेष्ठ, रोमबहादुर भण्डारी, लुम्बिनीमा निरञ्जन थापा र विजयलक्ष्मी सिंह उम्मेदवार बन्ने भएका छन्।

### राष्ट्रिसभामा...

प्रदेशमा प्रदेशसभाका ९३ सांसदमा एमालेका ४०, काँग्रेसका २९, माओवादी केन्द्रका १३, राप्रपाको ६, एकीकृत समाजवादीको ४ र जसपाको १ जना छन्। सांसदहरुतर्फ एमालेको २१२०, काँग्रेसको १५३७, माओवादीको ६८९, राप्रपाको ३१८, एकीकृत समाजवादीको २१२ र जसपाको ५३ मतभार रहेको छ।

स्थानीय तहका प्रमुख र उपप्रमुखमा प्रदेशमा रहेका १३७ पालिकाका २७४ मध्ये एमालेका ११०, काँग्रेसका ११५, माओवादीका ३१, राप्रपाका ४, एकीकृत समाजवादीका ७, जसपाका ४ र स्वतन्त्र ३ जना छन्। पालिकामा एमालेको २०९०, काँग्रेसको २१८५, माओवादीको ५८९, राप्रपाको ७६, एकीकृत समाजवादीको १३३, जसपाको ७६ र स्वतन्त्रको ५७ मतभार छ।

प्रदेशमा एमालेको कूल मतभार ४ हजार २१०, नेपाली कांग्रेसको ३ हजार ७२२ र माओवादी केन्द्रको १ हजार २७८ रहेको छ। यस्तै एकीकृत समाजवादीको ३४५, राप्रपाको ३९४, जसपाको १२९ र स्वतन्त्रको ५७ मतभार रहेको छ। गठबन्धन कायम रहँदा गठबन्धनको पक्षमा ५४८३ मतभार हुनेछ। जुन एमालेको भन्दा १२६४ ले बढि हो।

### गैरकानुनी...

परीक्षा हलबाट अचानक बाहिर निकालेपछि आइतबार केही विद्यार्थी विद्यालयको चौरमा बसेर रुन थालेका थिए। विद्यार्थीहरु रोएको देखेपछि केही शिक्षकहरु आफूसँग भएको पैसा दिएर शुल्क तिर्न लगाएका थिए। एक शिक्षकले भने 'साह्रै नै नराम्रो व्यवहार गरियो, परीक्षा दिन नपाएपछि विद्यार्थी रुनथाले हामीले हेर्न सकेनौं र जसको साथमा जति पैसा थियो संकलन गरेर चार पाँच जना विद्यार्थीलाई दिएर परीक्षा दिने वातावरण बनायौं तर, विद्यालयबाट यस्तो व्यवहार भएकोमा हामीलाई पनि चित्त बुझेको छैन।'

शिक्षा ऐनमा सरकारी विद्यालयले विद्यार्थीहरुसँग शुल्क उठाउन नमिल्ने स्पष्ट व्यवस्था गरेको छ। तर, सरस्वतीसहित यहाँका अधिकाशं सामुदायिक विद्यालयले विद्यार्थीबाट विभिन्न शिर्षकमा शुल्क असुल्दै आएका छन्। नेपाली र अंग्रेजी माध्यमबाट पढाइ हुने सरस्वतीमा कक्षा ६ देखि १० सम्मका विद्यार्थीलाई परीक्षा शुल्क वापत डेढसयदेखि दुईसय रुपैयाँसम्म उठाउने गरेको छ।

'दोस्रो त्रैमासिक परीक्षा दिन स्कुल गएको थिएँ। पहिलो र दोस्रो दिनको परीक्षा दिएँ। तेस्रो दिनमा जाँच फि तिरेको छैन भनेर मलाई परीक्षामा बस्न दिइएनन् र बाहिर निकालिदिए,' कक्षा ८ मा अध्ययनरत एक विद्यार्थीले भने 'म मात्रै हैन धेरै जना साथीहरु, अरु कक्षाका विद्यार्थीहरुलाई पनि परीक्षा दिन दिइएन।'

विद्यालयले दोस्रो त्रैमासिक परीक्षा १९ पुसबाट लिन सुरु गरेको थियो। तेस्रो दिन आइतबार गणित विषयको परीक्षा थियो तर धेरैले दिनै पाएनन्। 'सामुदायिक विद्यालयमा मासिक र परीक्षा शुल्क केही पनि लिन नपाउने प्रावधान छ,' विद्यालयका एक जना शिक्षकले भने, 'विद्यालयले भने परीक्षा शुल्कका नाममा विद्यार्थीलाई परीक्षा हलमै बस्न नदिनु विद्यालय प्रशासनको गैरजिम्मेवारी कार्य हो।' आइतबार बञ्चित गरिएका विद्यार्थीहरुले बिहीबार अंग्रेजी र शुक्रबार नेपाली विषयको परीक्षा दिएका थिए।

सरस्वती माविका व्यवस्थापन समितिका अध्यक्ष विराटनगर महागनरपालिका मेयर नागेश कोइरालाका काकी अजिता कोइराला हुन्। यस विद्यालयमा कक्षा ६ देखि कक्षा १२ सम्म पढाइ हुने गर्दछ। अहिले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुको परीक्षा चलिरहेको छ। परीक्षामा झण्डै ५५० जना विद्यार्थी सहभागी छन्। विराटनगर महानगरपालिका शिक्षा महाशाखा प्रमुख कृष्ण भट्टराईले परीक्षा शुल्क नबुझाएको भनेर विद्यार्थीलाई परीक्षाबाट बन्चित गराउने काम गलत भएको बताए। 'शुल्क नदिएको भनेर विद्यार्थीलाई परीक्षाबाट बन्चित गराउनु हुँदैन। यदि त्यसो भएको हो रहेछ भने तत्काल बन्चित भएका विद्यार्थीलाई परीक्षामा सामेल गराउन मैले निर्देशन पनि दिएको छु,' उनले भने, 'सोमबार विद्यालयमा गएर निरीक्षण गरेर यथार्थ कुरा बुझ्नेछु।' यदि परीक्षामा शुल्क नबुझाएको कारणले परीक्षाबाट बन्चित गराएको पाइए विद्यालय प्रशासनलाई कारवाहीको दायरामा ल्याउने उनले बताए। शिक्षा ऐन अनुसार पनि सामुदायिक विद्यालयले विद्यार्थीहरुबाट कुनै प्रकारको पनि शुल्क नठाउनु भनेर प्रष्ट बताएको उनले बताए। 'तर पनि कतिपय विद्यालयले अभिभावकहरुबाट स्वेच्छाले शुल्क लिने गरेका छन्। विद्यार्थीबाट लिएको शुल्कले निजी स्रोतमा राखेका शिक्षकहरुको पारिश्रीमक दिने गरिएको छ।' विद्यालयकी प्राचार्य अनिता नेपालले परीक्षा हलबाट निकालिएका करिब ५० जना विद्यार्थीको ७५ प्रतिशत हाजिरी नपुगेको पाइएपछि अविभावक लिएर आउनु भन्दै घर पठाएको बताइन्। उनीहरुको आइतबारको परीक्षा अन्तिम दिन लिने तयारी गरिएको उनको भनाइ छ। 'आज परीक्षाबाट बञ्चित गरिएका विद्यार्थीले सोमबार अविभावक लिएर आउँछन् अनि अन्तिम दिन आइतबार लिने भनिएको उनीहरुको गणित विषयको परीक्षा लिइने छ,' प्रअ नेपालले भनिन्।

विद्यालयले विद्यार्थीबाट स्वेच्छाले सहयोग शुल्क लिएको प्राचार्य नेपालले बताइन्। 'हामीले मात्र सहयोग शुल्क लिएको होइन्। यहाँका धेरै सामुदायिक विद्यालयहरूले लिने गरेका छन्। निजी स्रोतबाट राखेको शिक्षकलाई तलब खुवाउन अभिभावकबाट सहयोग लिइएको हो,' उनले भनिन्, 'त्यो पनि सरकारले नलिनु भन्यो भने हामी लिँदैनौं' विद्यालयले अविभावक सहयोगका नाममा सामान्य शूल्क लिने गरेको उनले बताइन्।

### सुझाव...

सरोकारवालाहरुले युवा शक्ति पलायन रोक्ने विकल्प खोज्नु पर्ने र स्थानीय स्तरमै रोजगारीको सिर्जना गराउने कार्यक्रम आवश्यक भएको बताए। उनीहरुले पछिल्लो समय युवा शक्ति तिव्र बढेको भन्दै चिन्ता ब्यक्त गरे।

प्राकृतिक श्रोत साधन प्रशस्त उपलब्ध भएपनि त्यसलाई चलाउन सक्ने दक्ष जनशक्ति पलायन हुदाँ समृद्धि हुन नसकेको सरोकारवालको भनाइ थियो। कोशी प्रदेशमा विद्युत मार्फत पनि समृद्धिको सम्भावना भएको कारण सरकारले जलविद्युतमा लगानी बढाउनु पर्ने भोटखोला गाउँपालिका अध्यक्ष वाङछेदर भोटेले बताए। कोशी प्रदेशमा मात्र ३४ हजार मेगावट क्षमताको विद्युत उत्पादन गर्न सकिने तथ्याङकमा उल्लेख छ।










## बेलबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## बेलबारी, मोरङ
## कोशी प्रदेश, नेपाल

# बेलबारी नगरपालिका वडा नं. ९ स्थित डाँगीहाट सपिङ कम्प्लेक्स वहाल (भाडा) मा लगाउने सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/०९/२३**

बेलबारी नगरपालिका वडा नं.९ स्थित डाँगीहाट सपिङ कम्प्लेक्स सम्झौता भएको मितिले ३ वर्ष सम्मका लागि शिलबन्दी दरभाउपत्र खरीद प्रकृयाबाट वहाल (भाडा) लगाउनु पर्ने भएकोले ईच्छूक व्यक्ति वा ईजाजतपत्र प्राप्त फर्म वा कम्पनीहरुबाट तपशिलको शर्तहरुको अधिनमा रही रितपुर्वक शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

**तपशिल**

| क्र.सं. | विवरण | न्यूनतम वहाल (भाडा) रकम रु. (भ्याट बाहेक) | दरभाउपत्र दस्तुर | खरिद प्रकृया |
|---|---|---|---|---|
| १ | बेलबारी नगरपालिका वडा नं. ९ डाँगीहाट स्थित दुई तले ९ वटा कोठा सहितको सपिङ कम्प्लेक्स भाडामा लिने दिने कार्य | मासिक रु. २३,६३९।- (अक्षरेपी तेईस हजार छ सय उनन्चालिस रुपैया मात्र) (३ वर्षको जम्मा वहाल रकम रु. ८७९३७०.८०।-अक्षरेपी आठ लाख उनान्असी हजार तिन सय सत्तरी रुपैया असी पैसा मात्र) | रु.१०००।- | शिलबन्दी दरभाउपत्र |

**सपिङ कम्प्लेक्स वहाल (भाडा) सम्बन्धी शर्तहरू:**

१. ईच्छूक दरभाउपत्र दाताहरुले सूचना प्रकाशित मितिले १५ (पन्ध) औं दिनसम्म कार्यालय समय भित्र दरभाउपत्र खरिद गर्ने सक्नेछन। दरभाउपत्र खरिद गर्न फर्म वा कम्पनीको हकमा आ.ब. २०७९।०८० को नवीकरण भएको ईजाजतपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र र आ.ब.२०७९।०८० को करचूक्ता वा म्याद थप गरेको प्रतिलिपी र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपि संलग्न राखि निवेदन दिई दरभाउपत्र यस कार्यालबाट खरीद गर्न सकिनेछ र १६ (सोह्र) औं दिन दिनको १२:०० बजे भित्र यस कार्यलयमा दर्ता गराई सक्नुपर्नेछ। प्राप्त शिलबन्दी दरभाउपत्रहरु १६ (सोह्र) औं दिन दिनको २:०० बजे यस कार्यालयका प्रतिनिधि, शिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितीमा यस कार्यालयमा नियमानुसार खोलिनेछ। शिलबन्दी दरभाउपत्र खोल्न दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा बाधा पर्ने छैन।
२. शिलबन्दी दरभाउपत्र भर्दा दररेट अंक र अक्षरमा स्पष्ट हुने गरि लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।
३. रित नपुगी वा म्याद नाघी आएका शिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन। दर्ता भएका दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ।
४. शिलबन्दी दरभाउपत्र पेश गर्दा पेश गरेको निकाय, पेश गर्नेको पत्राचार ठेगाना र सम्पर्क नं. स्पष्टसँग लेख्नुपर्नेछ।
५. शिलबन्दी दरभाउपत्र खरिद र दर्ता गर्ने दिन सार्वजनिक विदा परेमा सो लगतै कार्यालय खुलेको दिन खरिद तथा दर्ता गरिनेछ।
६. भवन वहालमा लिने व्यक्ति, फर्म वा कम्पनीले सम्झौता गर्न आउँदा मासिक कबोल रकमको हिसाबले घ वर्षको कुल कबोल रकमको ५ प्रतिशत हुन आउने रकम बेलबारी नगरपालिकाको धरौटी खाता नं. २४३०१००३०३००००२ मा नगद जम्मा गरि सोको सक्कल बैंक भौचर कार्यालयमा बुझाउनुपर्नेछ।
७. भवनको वहाल रकम सम्झौता भएको मितिले प्रत्येक महिना व्यतित भएको ७ दिन भित्रमा दाखिला गर्नु पर्नेछ। सो अवधिभित्र दाखिला नगरेमा नियमानुसार हर्जना सहित असुल उपर गरिनेछ। सम्झौता अवधिभरि हुन आउने सम्पूर्ण रकम एकमुष्ट अग्रिम रुपमा दाखिला गरेमा कुल कबोल रकममा १०% छुट दिईनेछ।
८. भवनको सरसफाई लगायत अन्य पानी, विजुली र अन्य कर दस्तुर नियमानुसार वहाल लिने ब्यक्ति, फर्म वा कम्पनी आफैले ब्यहोर्नुपर्नेछ।
९. सम्झौता बमोजिम जे जस्तो प्रयोजनको लागि भवन वहालमा लिएको हो सोही प्रयोजनमा प्रयोग गर्नु गराउनु पर्नेछ। प्रचलित कानूनले निषेध गरेका चिज वा वस्तुहरु राखिएको पाईएमा निजको धरौटी जफत गरी भवन वहाल सम्झौता तोडी नियमानुसार कारवाही गरिनेछ।
१०. सम्झौता भएको मितिले हरेक २ वर्षमा १० प्रतिशतका दरले भाडा वृद्धि गरिनेछ।
११. नगरपालिका बाट वहाल (भाडा) मा लिएको भवनको कुनै पनि कोठा नगरपालिका कार्यालयको पूर्व इजाजत नलिइ आफुखुसी कुनै प्रकारको कार्य गरी कोठाको स्वरुप परिवर्तन गर्न पाइने छैन। जे जस्तो अबस्थामा वहाल लिएको छ सोही अबस्थाको उक्त भवन बहाल अवधि समाप्त पश्चात नगरपालिकालाई जिम्मा दिनु पर्नेछ।
१२. उल्लेखित शर्त विपरित कार्य गरी भवन वहालमा लिने व्यक्तिले लापरबाही गरि भवनमा क्षति हुन गएमा वा विग्रे भत्केमा सो को मर्मत सम्भार भवन वहालमा लिने व्यक्ति वा फर्मले आफैं गर्नु गराउनु पर्नेछ। यदि समयमा मर्मत सम्भार नगरेमा नगरपालिकाले सो कार्य गराई लागेको सम्पूर्ण खर्च सम्बन्धित व्यक्ति वा फर्मबाट असुल उपर गरिनेछ।
१३. नगरपालिकाले तोकेको उपरोक्त भवन वहाल अवधि समाप्त भए पश्चात भाडामा दिन, नगरपालिका बाध्य हुने छैन।
१४. भवन बहालमा लिने व्यक्ति वा फर्मले उक्त भवन वहाल सम्झौता अवधि नपुगी बिचैमा छोड्न चाहेमा भवन छोड्नु ३ (तीन) महिना अगाबै यस कार्यालय लाई जानकारी गराउनुपर्नेछ।
१५. यस सुचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा प्रचलित कानून तथा नगरपालिकाको निर्णय बमोजिम हुनेछ।
१६. यस सम्बन्धि अन्य कुराहरु बुझ्नुपरेमा कार्यालय समयमा सम्पर्क राखि बुझ्न सकिनेछ र यस कार्यालयको वेभसाईट www.belbarimun.gov.np मा समेत हेर्न सकिनेछ।

**नि.प्रमुख प्रशासकीय अधिकृत**

## बुढीगंगा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बुढीगंगा, मोरङ
## कोशी प्रदेश, नेपाल

# कुखुरा पालन तथा ह्याचरी संचालनका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार सम्बन्धी सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८०/०९/२३)**

कोशी प्रदेश, मोरङ जिल्ला, बुढीगंगा गाउँपालिका, वडा नं. ५ मा संचालनका लागि प्रस्तावित अनमोल पोल्ट्री ब्रिडिंग फार्म द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | अनमोल पोल्ट्री ब्रिडिंग फार्म<br>ठेगाना : बुढीगंगा गाउँपालिका, वडा नं. ५, मोरङ, नेपाल<br>फोन नं. : ९८५२०२००९९<br>इमेल : pashupatipoulitry@hotmail.com |
| प्रस्तावको व्यहोरा | **वार्षिक क्षमता :**<br>उत्पादन : बार्षिक २४०,००० चल्ला तथा ५००,००० अन्डा उत्पादनहुने पोल्ट्री फार्म स्थापना गर्ने।<br>**उद्योग रहने स्थानको विवरण :**<br>बुढीगंगा गाउँपालिका, वडा नं. ५, मोरङ जिल्ला, कित्ता नं. ५७,५८,६०,६१,६२,७१,७३,७५,७७ को १८,६३८ वर्ग मिटर क्षेत्रफलको जमिनमा |
| प्रभाव पर्न सक्ने क्षेत्र | मोरङ जिल्ला, बुढीगंगा गाउँपालिका, वडा नं. ५ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको भौतिक तथा रसायनिक प्रणाली, जैविक प्रणाली, सामाजिक-आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका, वडा तथा त्यस क्षेत्रका विद्यालय, स्वास्थ्य चौकी, सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १०(दश) दिनभित्र निम्न ठेगानामा आइ पुग्ने गरि लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरु :**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | अनमोल पोल्ट्री ब्रिडिंग फार्म<br>ठेगाना : बुढीगंगा गाउँपालिका, वडा नं. ५, मोरङ<br>फोन नं. : ९८५२०२००९९<br>इमेल : pashupatipoulitry@hotmail.com |
| परामर्शदाताको नाम र ठेगाना | पूर्वाञ्चल जियो सोलुसन्स प्रा. लि.<br>ठेगाना : विराटनगर महानगरपालिका वडा नं. २, मोरङ<br>सम्पर्क नं. : ९८४०५०३१८८<br>ई-मेल : georavi1991@gmail.com |

# धनीले सहकारी खोलेर गरिबलाई डुबाएको कोइरालाको आरोप

◆ हाम्रोमत संवाददाता

*उर्लाबारी, २२ पुस*

विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले सहकारीहरुले गरिब डुबाउने काम गरिरहेको भन्दै चिन्ता जनाएका छन् । धनीले सहकारी खोल्ने र गरिबसँग बचत संकलन गरेर डुबाउने काम भइरहेको भन्दै उनले चिन्ता व्यक्त गरेका हुन् ।

आइतबार विराटनगरमा आयोजना भएको एउटा कार्यक्रममा प्रमुख कोइरालाले भने 'हुने खानेले सहकारी खोले, घर-गाडी र जग्गा किने, सर्वसाधारणको पैसाको टुङ्गो छैन ।' पैसा हुनेहरुले पहुँच देखाउन खोलेका सहकारीले सामान्य नागरिकको पैसा डुबाएर बर्वाद पारेको गुनासो महानगरमा दैनिक बढिरहेको उनले बताए ।

प्रमुख कोइरालाले ज्येष्ठ नागरिक, सेवा निवृत्त कर्मचारी र सर्वसाधारणको पैसा सहकारीले डुबाएको आरोप लगाउँदै भने नियमसंगत सञ्चालन नगर्नेहरुले सर्वसाधारणको पैसाले घर, जग्गा र गाडी जोडेका छन् । उनले नियमन गर्दै जाँदा धेरै सहकारी गोजीमा सीमित रहेको तर कारोबार भने बृहत गरिरहेको बताए । 'इमान्दार आफैं बन्नुपर्छ' नगर प्रमुख कोइरालाले भने- बदमासी सहकारीका सञ्चालकले गरिरहेका छन् ।



विराटनगर महानगरपालिकाले सहकारी व्यवस्थापन सम्बन्धी आयोजना गरेको तालिममा प्रमुख कोइरालाले सञ्चालकहरु बेइमानी देखिएको भन्दै नियमनमा कडाइ गर्दै जाने चेतावनी दिए । कार्यक्रममा बोल्दै महानगरकी उपप्रमुख शिल्पा निराला कार्कीले पनि सहकारी सञ्चालकहरुप्रति रोष व्यक्त गरिन् । उनल दक्षिणी क्षेत्रका धेरै नागरिकलाई सहकारीहरुले नियतवस फसाएर ठगी गरेको आफूले पाएको बताइन् ।

नियमनका क्रममा सहकारीको हिसाब प्रणाली व्यवस्थित नदेखिएको र ५० प्रतिशत सहकारीले मात्रै चार बहिखाता व्यवस्थित गरेको उपप्रमुख कार्कीको भनाइ थियो । अहिले न्यायिक समितिमा समेत सहकारी पीडितको हप्तामा दुईवटासम्म उजुरी परिरहेको बताउँदै उपप्रमुख कार्कीले सर्वसाधारण झुक्याउन गोजीमा सञ्चालितन सहकारीको पहिचान गर्ने काम भइरहेको दावी गरिन् ।

विराटनगर महानगरपालिका सहकारी शाखाकी रोजी कार्कीका अनुसार महानगरपालिकामा १७४ वटा सहकारी सञ्चालित छन् । जसमध्ये चालु आर्थिक वर्षमा लेखा प्रतिवेदन बुझाउने सहकारीको संख्या ५० वटा रहेका छन् । महानगरपालिका भित्रका १२ वटा सहकारी विरुद्ध उजुरी दर्ता भएका छन् । सहकारीहरुको साधारणसभा भईरहेकोले लेखा प्रतिवेदन बुझाउने क्रम जारी रहेको कार्कीको भनाइ छ । गत आर्थिक वर्ष १२० हाराहारीका सहकारी लेखा प्रतिवेदन बुझाएका थिए । बाँकी सहकारी कता छन् भन्ने यकिन छैन ।

आर्थिक समितिका संयोजक एवं विराटनगर १९ का वडाअध्यक्ष श्याम घिमिरेले भित्रभित्रै गैरकानुन ढंगबाट सहकारीमा सर्वसाधारणले बचत गरेको पैसा लगानी गरेर संस्थापक सदस्यहरुले बेइमानी गर्ने गरेको बताए । उनले गत वर्ष लेखा प्रणालीका विषयमा तालिम दिईएको र यो वर्ष व्यवस्थापनसँग सम्बन्धित तालिम दिइएकोले अब कुनैपनि त्रुटी हुन नहुने तर्क गरे । महानगरपालिकाले एकसय जना सहकारी व्यवस्थापकहरुलाई तालिममा सहभागि गराउने छ ।

## सर्ट कमेन्ट

# कमरेडको अर्थ



■ योगेश राजभण्डारी




कमरेडको अर्थ साथी हो । यो शब्दको प्रयोग कम्युनिष्टहरु विच हुन्छ भने गैर कम्युनिष्टहरुमा खासै प्रयोग हुदैन । कम्युनिष्टहरुबिचमा यसले सहयोद्धाको अर्थ राख्दछ । एवम् क्रान्तिकारी कम्युनिष्टहरु बिचमा जुझारु एकताको अर्थमा कमरेडको प्रयोग गरिन्छ ।

'कमरेड'को सामान्य अर्थ साथी, मित्र हो । विकासका क्रममा यस शब्दले विशिष्ट अर्थ वहन गरेकाले पछि आएर यो शब्द एउटै उद्देश्य र लक्ष्य बोकेर हिडेका र कम्युनिस्ट पार्टीमा लागेका व्यक्तिलाई सम्बोधन गर्दा प्रयोग गर्न थालियो । कम्युनिस्ट पार्टीमा लागेका सबै सदस्य समान मानिने हुँदा एक अर्कालाई सम्बोधन गर्दा समानता र सम्मान बोधक शब्द कमरेड (साथी) को प्रयोग गरिएको हो ।

कमरेड शब्द स्पेनिश भाषाको कामाराडाबाट आएको हो । जसको शाब्दिक अर्थ कोठामा सँगै बस्ने साथी हुन्छ । कमरेड शब्दले राजनीतिक रंग फ्रान्सेली क्रान्तिबाट पायो । समाजवादी र मजदुरहरूबीच सम्वोधन गर्नका लागि प्रिय शब्द बन्यो-कमरेड । युरोपमा कमरेड शब्द उन्नाइसौँ शताब्दीमा निकै चल्तीमा थियो । समाजवादी आन्दोलनसँगै कमरेड शब्दको प्रयोग राजनीतिक वृत्तमा व्यापक भएको हो ।

कमरेड शब्दको साइनो रुसी भाषासँग छैन । तर, यसको विश्वव्यापीकरण र कम्युनिस्टीकरणका लागि रुसी क्रान्तिको मुख्य हात छ । सोभियत क्रान्तिकारीहरू एकअर्कालाई सम्वोधन गर्न तबारिस शब्दको प्रयोग गर्थे । छोटकरीमा टोभ भनिन्थ्यो । सोभियत क्रान्तिसम्बद्ध लेख, रचना, दस्तावेज, भाषण आदिमा तबारिस शब्दको प्रयोग नभएको सायदै भेटिएला । कम्युनिस्टहरूको बन्न पुग्यो । आज विपीका अनुयायी कोही काँग्रेसजनलाई कमरेड भनियो भने उसको सामान्यतया जवाफ हुन्छ - म कमरेड होइन । अर्थात् म कम्युनिस्ट होइन ।

कमरेड शब्दको मूलमै फर्कौं । कोठामा सँगै बस्ने साथी अर्थात् आफ्नो सुख-दुःख निर्वस्त्र रूपमा देखेको मर्दापर्दा सबैभन्दा बढी काम लाग्ने मित्र भन्ने अर्थ थियो कमरेडको । राज्यव्यवस्थाअनुसार सम्वोधनका लागि विभिन्न शब्दको प्रयोग हुन्थ्यो वा हुने गर्छ ।

**समाजवादी हुन् कि कम्युनिस्टहरू सम्वोधनमै हुने विभेद रुचाउँदैनथे । त्यसैले वर्ग, जात, औकात, लिंग केही नछुटाउने कमरेड शब्दलाई प्रगतिशीलले पछ्याए ।**

राजा र रैतीलाई गर्ने सम्वोधनमा फरक, धनी र गरिबका लागि गरिने सम्वोधनमा फरक, लिंगअनुसार सम्वोधनमा फरक अर्थात् सम्वोधनमै मान्छेको औकात झल्काउने शब्दको प्रयोग समाजमा थिए वा छन् । समाजवादी हुन् कि कम्युनिस्टहरू सम्वोधनमै हुने विभेद रुचाउँदैनथे । त्यसैले वर्ग, जात, औकात, लिंग केही नछुटाउने कमरेड शब्दलाई प्रगतिशीलले पछ्याए ।

कम्युनिस्ट पार्टीमा केन्द्रीय कमिटीका अध्यक्षदेखि तल्लो कमिटीका सदस्यसम्मका सबै सदस्यलाई कमरेड भनेर सम्बोधन गरिन्छ । 'कमरेड' शब्दले समानता र सम्मान दुवै जनाउँछ । कम्युनिस्ट कम्युनिज्मको अनुयायीलाई कम्युनिस्ट भनिन्छ । 'कम्युन' बाट कम्युनिज्म र कम्युनिस्ट बनेको हो । 'कम्युन' भनेको साझा खेतीपाती, साझा उत्पादन, समान वितरण र उत्पादित वस्तुमा साझा स्वामित्व रहेको समुदाय वा जनपद हो । यस्तो समुदाय वा जनपद भएको सामाजिक विकासको उच्चतम अवस्था कम्युनिजम हो । उत्पादनका साधनमाथि सार्वजनिक स्वामित्व रहने हुँदा यस व्यवस्थामा प्रत्येक व्यक्तिले क्षमताअनुसारको काम र आवश्यकता अनुसारको दाम पाउँछन् र त्यहाँ सबै खालको शोषण समाप्त भई साम्य स्थिति रहन्छ ।

कम्युनिज्ममा सर्वहारा वर्गको अधिनायकत्व, वर्गविहीन सामाजिक व्यवस्था, शारीरिक र बौद्धिक श्रमका बीच समानता एवं राष्ट्र-राष्ट्रका बीच बन्धुत्वको भावना रहन्छ । कम्युनिज्मलाई समाजमा स्थापित गर्न चाहने, शोषण, दमन र अन्याय-अत्याचार एवं निजी सम्पत्तिको विरोध गर्ने, सामूहिक उत्पादन पद्धति, सामुहिक जीवन र समानतामा विश्वास गर्ने, मार्क्सवादी लेनिनवादी वैज्ञानिक विचार धारामा दृढ रहेको, सर्वहारावर्गको पार्टीको सामुहिक अनुशासनमा रहने क्रान्तिकारीलाई कम्युनिस्ट भनिन्छ ।

कम्युनिष्ट पार्टीमा सबै समान हुन्छन् । पार्टीका नेता देवता होइनन । पार्टी नेतालाई देउता ठान्नेहरुले सिंगो आन्दोलन लाइ नै दुषित बनाई दिन्छ । त्यसैले "कम्युनिस्ट हुँ" भन्नेको पहिलो शर्त नीति मान्ने हो, व्यक्ति होइन । "बा" भन्ने होइन, "सर" पनि भन्ने होइन कमरेड भन्ने हो ।

## पहिलो पृष्ठबाट बाँकी

### विराटनगरको...

महानगरले आन्तरिक आम्दानीमा उल्लेख्य वृद्धि गर्नुका साथै बेरुजु फस्र्यौटमा पनि उल्लेख्य प्रगति गरेको जनाएको छ । गत वर्ष १ अर्ब ६३ करोड ५७ लाख रुपैयाँ बेरुजु देखिएकोमा झण्डै ७३ प्रतिशत बेरुजु फस्र्यौट गरेको जनाएको छ । महानगरले १ अर्ब १९ करोड ४२ लाख बेरुजु फस्र्यौट गरेको दाबी गरेको छ ।

महानगरपालिकाले गत वर्ष गरेको आम्दानीको ठूलो हिस्सा अघिल्लो वर्षको बक्यौता भुक्तानीमा खर्च गरेको पनि जनाएको छ । महानगरको पुरानो भुक्तानी गर्नुपर्ने बक्यौता ८४ करोड रुपैयाँ भन्दा बढी भएका कारण उक्त आम्दानीबाट ३५ करोड रुपैयाँ बक्यौता भुक्तानी दिएको प्रमुख कोइरालाले जानकारी दिए ।

महानगरलाई यस वर्ष पनि बक्यौता भुक्तानी गर्नुपर्ने दबाब छ । गतवर्षकोसमेत गरी अझै पनि ८० करोड रुपैयाँ भन्दा बढी रकम महानगरपालिकाले विभिन्न निर्माण व्यवसायी तथा सप्लायर्स र सेवा प्रदायकहरुलाई भुक्तानी गर्न बाँकी छ । त्यसका लागि महानगरपालिका जसरी पनि आन्तरिक आयलाई बढाउनै पर्ने दबाबमा परेको हो ।

आन्तरिक आयमा उल्लेख्य वृद्धि गर्न नसक्दा महानगरपालिकाले सञ्चालन गरेको बहुवर्षे विकास आयोजनाहरु सुस्त भएका छन् । महानगरपालिकाले १७ करोड रुपैयाँ भन्दा बढी लगानीमा प्रधानमन्त्री पार्क निर्माणको काम अगाडि बढाएको छ भने १४ करोड ७५ रुपैयाँको लगानीमा महानगरको प्रशासनिक भवन निर्माण गरिरहेको छ । यस्तै बाल उद्यान पार्कको मर्मत तथा पुनःनिर्माणका लागि महागनरले २ करोड ११ लाख रुपैयाँमा ठेक्का लगाएको छ । सन्ध्याकालीन आरतीका लागि भन्दै महानगरले ५ करोड रुपैयाँमा हनुमान मन्दिर परिसरमा काम गरिरहेको जनाएको छ । यस्तै १२ करोड रुपैयाँ लागतमा महानगरले बहुप्राविधिक विद्यालय निर्माणको कामलाई पनि अगाडि बढाएको छ । विराटनगर १८ मा रानीपोखरी र मण्ठापोखरी निर्माणमा ११ करोड रुपैयाँ भन्दा बढी खर्च गर्ने गरी योजना सञ्चालनमा छन् । तर महानगरसँग स्रोत अभाव भएका कारण समयमा ती योजनाहरु सम्पन्न हुने सम्भावना भने देखिएको छैन ।

विराटनगरलाई महानगर घोषणा गर्दा यसको न्यूनतम जनसंख्या र न्यूनतम आम्दानी दुवै निकै कम थियो । सुरुमा उपमहानगर मात्र बनाइएको विराटनगर स्थानीय नेताहरुको दबाब पछि महानगर बनेको थियो । महानगरपालिका हुनका लागि कम्तिमा ३ लाख जनसंख्या हुनुपर्ने र वार्षिक आय कम्तिमा पनि १ अर्ब हुनुपर्ने मापदण्ड तोकिएको थियो । विराटनगर महानगरपालिका बनेको ७ वर्ष बितिसक्दा पनि विराटनगरको आम्दानी न्यूनतम एक अर्ब पुग्ने सम्भावन अझै देखिएको छैन ।

यसैबीच विराटनगर महानगरपालिकाले नयाँ नेतृत्व पाएको १८ महिनाको अवधिमा १३ किलोमिटर सडक कालोपत्रे गरेको, ३७ किलोमिटर सडक ग्राभेल गरेको र १३५ ओटा कल्भर्ट निर्माण गरेको जनाएको छ । महानगरले त्यसबाहेक विभिन्न योजना र कार्यक्रमहरुलाई अगाडि बढाएको र समयसापेक्ष सुधार गर्दै लगेको दाबी पनि गरेको छ ।

### सीआरभी...

सीआरभी भ्यान (कन्ट्रोल रुम भेइकल)को रुपमा विराटनगरमा ७ वटा टोली परिचालित हुने गरेको छ । जसमा जतुवा, केसलिया, घोघापुल चोक, जिल्ला प्रशासन कार्यालय मोरङ, बरगाछी चोक, कञ्चनबारी चोक र बाँसबारी चोकमा बस्छन् । कुनै घटना भएमा वा आपतकालीन अवस्थामा ती भ्यानहरु जिल्ला प्रहरी कार्यालयबाट सञ्चालित कन्ट्रोल रुमको निर्देशन अनुसार परिचालित हुन्छन् ।

अन्य सवारी साधन भन्दा सिआरभीको भ्यान २४ सैं घण्टा सडकमा हुन्छन् । यसरी बढी प्रयोग हुने हुँदा ५ देखि ७ वर्षसम्म मात्रै कुदाउन मिल्ने अवस्थामा रहन्छ । तर, स्रोत अभावमा पुरानै र थोत्रा भएका गाडी नै कुदाउन बाध्य भएको जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी नायव उपरीक्षक रन्जनकुमार दाहालले बताए ।

अहिले संचालनमा रहेका सिआरभी भ्यानहरु पहिलो संविधान सभाको चुनावको समयमा निर्वाचन लक्षित सुरक्षा योजनाका लागि आएका थिए । ती भ्यानहरु प्रयोगमा आएको १६ वर्ष भइसकेको छ । पुराना भएका भ्यानहरु बारम्बार बिग्रिरहँदा समस्या हुने गरेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

अहिले ती अधिकांश सिआरभी भ्यानका सिट च्यातिएका छन्, गाडीभित्र प्वाल परेको छ, झ्यालको सिसा इट्टाको सहाराले अड्याइएका छन्, ढोकाहरुमा खिया लागेको छ, चक्काहरु पुरानो भइसकेका छन् भने साइड लाइट फुटेर काम नलाग्ने अवस्थामा देखिन्छन् ।

पुरानो भए पनि बेलाबेलामामा भ्यानहरुको मर्मत नहुँदा काममा बाधा पुग्ने गरेको प्रहरी कर्मचारीहरुले बताएका छन् । सुरक्षाका लागि तत्काल पुग्नुपर्ने ठाउँमा समेत गाडीकै समस्याले गर्दा प्रहरी ढिलो पुग्ने गरेको उनीहरुको दुःखेसो छ । कतिपय बेलामा गाडी स्टार्ट नभएर ठेल्नु पर्छ । घट्नास्थलमा दौडिनु पर्ने बेलामा गाडी ठेल्नु पर्दा समयमा पुग्न चुनौती हुने गरेको उनीहरुले बताए ।

## सामुदायिक स्वास्थ्य केन्द्र सञ्चालन

ताप्लेजुङ, २२ पुस (हाम्रो मत)- ताप्लेजुङको आठराई त्रिवेणी गाउँपालिका-२ फुलबारीमा सामुदायिक स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याइएको छ । सर्वसाधारणले आफ्नै वडाबाट सेवा प्राप्त गर्न सकुन् भन्ने उद्देश्यसहित गाउँपालिकाले फूलबारीमा रमिते सामुदायिक स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याएको हो ।

गाउँपालिकाको पहलमा सञ्चालनमा ल्याइएको सामुदायिक स्वास्थ्य केन्द्रको पालिका अध्यक्ष दीपेन्द्र पोमुले शनिबार शुभारम्भ गरेका हुन् । स्वास्थ्य केन्द्रको उद्घाटनसँगै सोही दिनदेखि सर्वसाधारणले सेवा सुरु भएको पनि गाउँपालिकाले जनाएको छ । यता सामुदायिक स्वास्थ्य केन्द्र सञ्चालनमा आएपछि सो वडाका आम्बोटे, सिमलबोटे, खड्कुडे, धुसेनी, रमितेलगायत टोलका बासिन्दाले सेवा प्राप्त गरेका गाउँपालिका अध्यक्ष पोमूले बताए । उनकाअनुसार गाउँपालिकाले स्वास्थ्य केन्द्रका लागि एक जना अहेब र एकजना अनमीको व्यवस्था गरेको छ ।

यसैबिच गाउँपालिकाले सुत्केरी सँग उपाध्यक्ष कार्यक्रमअर्न्तगतसो वडाका गर्भवती तथा सुत्केरी महिलालाई पोषण सामग्री उपलब्ध गराएको छ । पोषिलो खानेकुरा अण्डा, चनालगायत सरसफाइका सामग्रीसमेत रहेको पोषण तथा सरसफाइ 'प्याकेज' झोला बितरण गरिएको उपाध्यक्ष शान्ताकुमारी आङ्बुहाङले जानकारी दिए ।

# चार सय विद्यार्थीलाई न्यानो कपडा

◆ हाम्रोमत संवाददाता

*विराटनगर, २२ पुस*

एकीकृत हातेमालो समाज नेपालले मोरङको बेलबारी नगरपालिका वडा नम्बर ७ बाहुनीका ४०० भन्दा बढी बालबालिकालाई न्यानो कपडा वितरण गरेको छ । बाहुनी बजारमा आइतबार आयोजित कार्यक्रममा नेपाल सरकारका महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सुरेन्द्रराज आचार्य र आयोजक संस्थाका अध्यक्ष डिल्लीराम गिरीले बालबालिकालाई ज्याकेट र स्वीटर वितरण गरेका हुन् । स्थानीय किसान आधारभूत विद्यालय र देवकोटा प्राविका करिब ४०० विद्यार्थीलाई न्यानो कपडा वितरण गरिएको अध्यक्ष गिरीले जानकारी दिए ।

सोही अवसरमा रोटरी क्लब अफ भादगाउँसँगको सहकार्यमा ७० जनाभन्दा बढी ज्येष्ठ नागरिकलाई ब्लाङ्केट, १५ जना विपन्नलाई सिरक, डसना, सिरानीसमेत प्रदान गरिएको थियो । स्थानीय क्लबलाई फुटबल, जर्सी, नेट आदि वितरण गरिएको थियो ।

कार्यक्रमकैबिच बाहुनीमा स्थापित ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको सभाहलको समेत उद्घाटन गरिएको थियो । कार्यक्रममा मन्त्री आचार्यले नवनिर्मित सभाहलको उद्घाटन गरे ।

कार्यक्रममा मन्त्री आचार्यले बालबालिका र ज्येष्ठ नागरिकका क्षेत्रमा एकीकृत हातेमालो समाजले महत्वपूर्ण कार्य गरेको भन्दै प्रशंसासमेत व्यक्त गरे । राज्य पूरा गर्नुपर्ने दायित्व एकीकृत हातेमालो समाजजस्ता संस्थाले पूरा गरिरहेको उनको भनाइ थियो । ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रमा दैनिक ७० जना ज्येष्ठ नागरिकले सेवा लिने गरेको अध्यक्ष गिरीले बताए ।

उनले ज्येष्ठ नागरिकहरु दिनभरि बस्ने, दुःखसुख साटासाट गर्ने, भजन गाउने, नाच्ने, रमाइलो गर्ने गरेको जानकारी दिए । उनीहरुलाई दिउँसोको नास्ता सेवा केन्द्रमै उपलब्ध गराउँदै आएको गिरीले बताए । कार्यक्रममा बेलबारी नगरपालिकाका मेयर दिलप्रसाद राईले बाहुनी क्षेत्रमा हातेमालो समाजले महत्वपूर्ण कार्य गर्दै आएकोमा धन्यवाद दिए । उनले सामाजिक संस्था कसरी चलाउनुपर्छ भनेर एकीकृत हातेमालो समाजबाट सिक्नु जरुरी रहेको उल्लेख गरे । त्यस्तै सो अवसरमा पूर्वराज्यमन्त्री शिवकुमार बस्नेत, मोरङका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराई, नेपाली कांग्रेस मोरङका कार्यबाहक सभापति भक्तिनाथ माझी लगायतको उपस्थिति थियो ।

## ग्रामथान गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### ग्रामथान, मोरङ
### कोशी प्रदेश, नेपाल

## सूचना ! सूचना !! सूचना !!!

**दोश्रो पटक प्रकाशित मिति : २०८०/०९/२३**

यस कार्यालय तथा अन्तर्गतका वडा कार्यालयहरूसँग सम्बन्धित विभिन्न मुद्दा मामिला लगायत कार्यालयको आवश्यक्ता बमोजिम कानुनी राय परामर्श तथा बहस एवम् पैरवी सम्बन्धि तपशिल बमोजिमका विषयमा सेवा शुल्कको दर रेट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आवश्यक कागजात सहित कार्यालयमा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**तपशिल**

१. मुद्दा मामिलाको मुल लिखत, रिट निवेदन लिखत, मुद्धाको जवाफ लिखत, बहस नोट फिराद आदि ।
२. बहस गर्दा प्रति मुद्दा प्रति पेशी ।
३. पेशीको दिन बहस नभएमा प्रति मुद्धा प्रति पेशी ।
४. कार्यालयमा आई कानुनी राय परामर्श दिदाँ प्रति पटक ।
५. लिखित कानुनी राय दिदा ।
६. तारेक लिने वारेसको पारिश्रमिक प्रतिपटक ।
७. अन्य लिखत मस्यौदा तयार गर्दा ।

प्रमुख प्रशासकीय अधिकृत




पूर्वेली जनसञ्चार सहकारी संस्था लि.द्वारा प्रकाशित । अध्यक्ष: विनोद घिमिरे, प्रधान सम्पादक: विवेक गौतम, कार्यकारी सम्पादक : गोकुल पराजुली, सम्पादक: अर्जुनकुमार आचार्य, व्यवस्थापक : प्रेम पुरी
हाम्रोमत दैनिकको कार्यालय: विराटनगर-९, ट्राफिक चोक, मोरङ, फोन नं. ०२१-५१२७९०, email: hamromat@gmail .com, janabidrohadaily@gmail .com, मुद्रक: हंसवाहिनी प्रिन्टर्स एण्ड पब्लिकेसन्स प्रा.लि., विराटनगर-४